# बिउँपुजी परिचालन कार्यविधि,२०८०

स्वीकृत मिति:२०८०/८/१९

कृषि व्यवसाय सञ्चालनको लागि वाली वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धि कार्यको सुरुवाती चरणमा बिउँपूजी उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बिउँपूजी परिचालनवाञ्छनिय भएकोले विनियोजन ऐन २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बिउँपूजी परिचालन कार्यविधि , २०८०"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "आवेदक" भन्नाले बिउँपूजी परिचालन गर्नको लागि बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रसमक्ष आवेदन दिने कृषि फार्म,कृषि कम्पनी, कृषि उधमी, कृषक समूह र कृषि सहकारीहरुलाई सम्झनु पर्छ ।

ख. "कृषि व्यवसाय"भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

१) व्यवसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

२) कृषिजन्य वस्तुको संकलन,वातानुकुलित भण्डारण वा प्रशोधन ,

३) कृषि उपजको व्यापार,

४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राङ्गारिक मलको उत्पादन , ,भण्डारण र वितरण

५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ,बेर्ना ,नश्ल र भुराको उत्पादन,भण्डारण र वितरण, परामर्श सेवा

६) कृषिमा प्रयोग हुने औषधि एवं विषादीको उत्पादन,परामर्श ,भण्डारण तथा विक्री व्यवसाय,

७) कृषि उत्पादनको लागि आवश्यक सिचाइ तथा उच्च प्रविधियुक्त खेतिका लागि आवश्यक यन्त्र उपकरण,सामाग्री उत्पादन,बिकी वितरण तथा मर्मत सम्भार ,

८) कृषि यन्त्र र यान्त्रिक उपकरणको उत्पादन तथा बजारीकरण,

९) कृषिजन्य उद्योग व्यवस्थापन(जस्तैः साईलेज, हाड, छाला, घाँस, दाना) र सञ्चालन ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ग. "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

घ. "परियोजना": परियोजना भन्नाले बीउपूजी माग गर्दाको वखत बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रमा पेश भएको प्रस्तावित व्यवसायको योजना सम्झनु पर्छ । सो शव्दले कृषि वाली वस्तु, पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग सम्वन्धित भौतीक पुर्वाधार समेतलाई जनाउछ ।

ङ. "प्रदेश" भन्नाले वागमती प्रदेशलाई सम्झनु पर्छ ।

च. "बोर्ड"भन्नाले मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्डलाई सम्झनु पर्छ ।

छ. "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

ज. "लाभग्राही" भन्नाले बिउँपूजी परिचालनको लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

झ. "विज्ञ केन्द्र"भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय अन्तर्गतको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु सम्झनु पर्छ ।

ञ. "ज्ञान केन्द्र"भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्रहरु सम्झनु पर्छ ।

३. <u>लगानी योग्य क्षेत्र</u>: (१)वीउपूजीको उपयोग अनुसूची-१ मा उल्लेखित कृषिका सहक्षेत्रसँग सम्वन्धि व्यवसायमा देहाय अनुसारका कार्यहरुको लागि रकम उपलब्ध गराईनेछ ।

(क) कृषि उत्पादन सम्वद्ध पुर्वाधार निर्माण,

(ख) भण्डारण तथा प्रशोधन सम्वद्ध पुर्वाधार निर्माण,

(ग) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्वद्ध यन्त्र, उपकरण, मेशिनरी, ढूवानी साधन खरिद,

(घ) बीउपूजी कोष परिचालन समितिले कृषि सम्वन्धित क्षेत्रमा तोके बमोजिमको अन्य कार्य ।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

४. <u>निर्देशक समिति</u>: (१) बिउँपूजी परिचालन कार्यक्रम कार्यान्वयनको नीतिगत विषयमा आवश्यक निर्देशन दिन मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

(क) माननीय मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रमुख, निर्देशनालय (कृषि र पशुपन्छी गरि २ जना) -सदस्य

(घ) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) उपसचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(च) महाशाखा प्रमुख(कृषि र पशुपन्छी गरि २ जना) -सदस्य

(छ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) विउँपूजी परिचालन कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्ने,

(ग) कार्यक्रम सञ्चालनको क्रममा आईपरेका बाधा अडचन फुकाउने,

(३) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जनासम्म विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

५. <u>बीउपूजी परिचालन समितिः</u> (१) स्वीकृत कार्यक्रम र बजेट अनुसार कृषि व्यवसायमा विउपूजी परिचालन गर्न बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रमा देहाय बमोजीम एक बीउपूजी परिचालन समिति गठन गरिनेछ ।

(क) प्रमुख वा निजले तोकेको वरिष्ठतम अधिकृत, बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र -संयोजक

(ख) वरिष्ठ अधिकृत/अधिकृत, बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र -सदस्य

(ग) अधिकृत, सम्बन्धित शाखा,बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र -सदस्य

(घ) योजना हेर्ने वरिष्ठ अधिकृत/अधिकृत ,बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/ विज्ञ केन्द्र -सदस्य

(ङ) प्रमुख ,खरिद इकाई ,वोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र -सचिव

(२)समितिले बढीमा दुई जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३)समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष लगानीको क्षेत्र पहिचान गरी स्वीकृतिको लागि बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रमा पेश गर्ने,

(ख) आवेदकको व्यवसायीक योजना विश्लेषण गरी वस्तुनिष्ठ लाभग्राही छनौटको लागि सिफारिस गर्ने,

(ग) बीउपुजी परिचालनमा सदुपयोग भए/नभएको अनुगमन गर्ने,

(घ) बीउपुजी परिचालन सम्बन्धमा चौमासिक विवरण मन्त्रालयमा पेश गर्ने,

(ङ) विउँपूजी परिचालनको लागि कार्ययोजना बनाउने,

मा.डा. राजेन्द्र प्रसाद श्रेष्ठ
मन्त्री

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन र बीउपूजी परिचालन सम्बन्धी व्यवस्था

६. कार्यक्रम सञ्चालन प्रक्रियाः(१) बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रले बिउँपूजी कोष परिचालन कार्यक्रम कार्यान्वयनको लागि अनुसूची २ को ढाँचामा आवेदकहरुबाट प्रस्ताव माग गर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) आवेदकले अनुसूची-३ बमोजीमको निवेदनका साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(४) लाभग्राहीको छनौट दफा ५ बमोजिमको बीउपूजी परिचालन समितिद्वारा हुनेछ ।

(५) छनौट भएका लाभग्राहीसगँ बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रले अनुसूची-४ बमोजीमको सम्झौता गर्नेछ ।

७. ब्याजदरःबोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रद्वारा यस कार्यविधि बमोजीम प्रवाह हुने बिउपूजीमा ब्याज लाग्ने छैन ।

८. बिउपूजीको अधिकतम सीमाः(१) केन्द्रबाट सञ्चालन हुने उत्पादनमुखि कृषि, पशुपन्छी तथा मत्स्य विकास क्रियाकलापको हकमा परियोजना लगानिको बढिमा ५० प्रतिशत वा बढिमा १० लाख सम्म बिउपूजी उपलब्ध गराईनेछ ।

(२) कृषि व्यवसाय सम्बन्धि उत्पादन,प्रसोधन र बजारिकरणको लागि बोर्ड/निर्देशनालयबाट संचालन हुने कार्यक्रमको हकमा परियोजना लगानिको बढिमा ५० प्रतिशत वा स्वीकृत कार्यक्रमको लक्ष्य र बजेटलाई आधार मानी अधिकतम रु.१ करोड सम्म बीउपूजी उपलब्ध गराईनेछ ।

(३) स्वीकृत बिउपूजी लाभग्राहीलाई देहाय बमोजीम तीन किस्तामा उपलब्ध गराईनेछ।

क. व्यवसायीक योजना बमोजीम सम्झौता भएपश्चात स्वीकृत बीउपूजीको १० प्रतिशत,

ख. व्यवसायीक योजना बमोजीम पचास प्रतिशत कार्य सम्पन्न पश्चात स्वीकृत बीउपूजीको ४० प्रतिशत,

ग. व्यवसायीक योजना बमोजीम शत प्रतिशत कार्य सम्पन्न पश्चात स्वीकृत बीउपूजीको बाकी ५० प्रतिशत ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(४) उपदफा (३) बमोजिमको किस्ता भुक्तानीको लागि लाभग्राहीले मन्त्रालयले तोकेको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बैंकमा खाता खोल्नुपर्नेछ र आवश्यक बिल भरपाई पेश गर्नुपर्नेछ ।

९. <u>बीउपूजी फिर्ता अवधि र सेवा शुल्क सम्बन्धी व्यवस्था :</u> (१) बिउँपूजीको फिर्ता अवधि बढीमा पाँच वर्षको हुनेछ । लाभग्राहीसँग बिउपूजिको किस्ता असुली तथा भुक्तानी अवधीको निर्धारण कृषि व्यवसायको प्रकृति र बिउपूजिको आकार हेरी बीउपूजी परिचालन समितिले तोक्नेछ र सम्झौतामा यस विषयलाई उल्लेख गरिनेछ ।

(२) उपदफा १ मा जेसुकै लेखिएतापनि बिउपूजीको पहिलो किस्ता लगानी र अन्तिम किस्ता असुलीको अवधि बढीमा पाच वर्षको हुनेछ ।

(३) बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/बिज्ञ केन्द्रले बिउपूजी लगानी र असुलि सम्बन्धि कुनै सेवा शुल्क लिने छैन । तर, लाभग्राहीले समयमा किस्ता भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकले तोकिदिएको मापदण्डमा रहेर हर्जाना लिन बाधा पुग्नेछैन ।

(४) पहिलो किस्ता परिचालन गर्दा तोकिएको प्रतिफल पुरा नभएमा दोस्रो किस्ता भुक्तानी दिईने छैन र त्यस्तो परियोजनाको सम्झौता रद्द गरिं असुल उपर गरिनेछ ।

१०. <u>सुरक्षणः</u>(१)रु.दश लाख सम्म बिउपूजी प्रवाह गर्दा सो रकम बराबरको जग्गा रोक्का सुनिश्चितता गर्नुपर्नेछ।

(२)रु ,दश लाख भन्दा बढी बिउपूजी प्रवाह गर्दा प्रवाह गरिने पूजीको भन्दा कम्तिमा २० % बढीमुल्यांकन भएको जग्गा रोक्का वा प्रवाह हुने पुँजी बराबरको ५ वर्ष वा बीउ पुजी फिर्ता गर्ने अवधीको बैंक सुरक्षण (Bank Guarantee)सुनिश्चितता गर्नुपर्नेछ। जग्गा रोक्का गरी बीउपूजी उपलब्ध गराउने सम्बन्धमा अन्य निकायबाट पहिलेनै जग्गा रोक्का रहे/नरहेको सुनश्चितता गरी रोक्का नरहेका जग्गालाई मात्र सुरक्षणमा राखिनेछ ।

(३) उपदफा २ बमोजिम रोक्का हुने जग्गाको मूल्याङ्कन ईन्जिनियरको मूल्यांङ्कनको आधारमा स्थानीय तहले सिफारिस गर्नुपर्नेछ ।

११. <u>बिउपूजी कोष फिर्ता गर्नुपर्ने</u>: (१) देहायमध्ये कुनै एक अवस्थामा लाभग्राहीले बिउपूजी रकम फिर्ता गर्नुपर्नेछ ।

(क) सम्झौता अवधि समाप्त भएमा,

(ख) कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ग) बिउपूजी परिचालन समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरेमा ।

(२) उपदफा १ बमोजीम लाभग्राहीले बीउ पुजी कोष फिर्ता नगरेमा उक्त रकम सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(३)उपदफा १ मा भएको प्रावधान बमोजिम फिर्ता गर्नुपर्ने रकम अन्य संस्था बाट ऋण लगानी फिर्ता (वित्तीय संकेत ३२१४९) मा जम्मा गरि जम्मा गरेको प्रमाण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ। लाभग्राहीले प्राप्त गरेको बिउपूजी फिर्ता भईसके पश्चात जग्गा रोक्का फुकुवाको लागि बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्रले सम्बन्धित कार्यालयलाई पत्राचार गर्नेछ ।

१२. विवरण पेश गर्नुपर्ने: (१) बीउ पूँजी परिचालन गर्ने कार्यालयले अनुसूची ५ बमोजिमको ढाँचामा विवरण तयार गरी प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) मन्त्रालयले अनुसूची – ५ बमोजिमको विवरणलाई एकिकृत गरी बीउपूजी उपलब्ध गराउने कार्यालयको विवरण सहित एकीकृत विवरण प्रत्येक आर्थिक वर्षको भाद्र १५ गते भित्र आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा र प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -४

## अन्य व्यवस्था

१३. बीमा सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम बीउपूजी परिचालन गर्दा कृषि व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ ।

१४. दोहोरोपना नहुने: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेछ ।

१५. प्राथमिकता दिईने: हालसम्म कुनै पनि सरकारी निकायहरुवाट सहुलियत ऋण प्राप्त नगरेका व्यवसायिलाई प्राथमिकता दिईनेछ ।

१६. कारवाही सम्बन्धी व्यवस्था: यस कार्यविधि अनुसार बिउपूजी लिई समयमानै किस्ता भुक्तानी नगर्ने लाभग्राहीहरुलाई प्रचलित ऐन कानून तथा कार्यविधिको आधारमा कारवाही गरिनेछ । साथै, लाभग्राहीलाई कालो सूचिमा राख्नको लागि सिफारिस समेत गरिनेछ ।

१७. संशोधन: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संसोधन गरिनेछ ।

१८. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका प्रकृयाको सम्बन्धमा यसै कार्यविधि बमोजीम र अन्य बुदाँहरुमा प्रचलित कानून बमोजीम हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१

दफा ३ सगँ सम्बन्धित

सञ्चालन हुने कृषि व्यवसायमा

क. खाद्यान्न बाली,

ख. बागवानी जन्यः फलफुल, तरकारी, कन्दमूल, मसलाबाली, पुष्प

ग. पशुपन्छी तथा मत्स्य,

घ. माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

ङ. च्याउ,

च. मौरी, रेशम,

छ. चिया, कफि, अलैची, सुपारी,घाँसेबाली,

ज. तेलहन,दलहन,

झ. कपास, जुट, उखु,रबर खेती,

ञ. कृषि पर्यटन,

ट. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग,

ठ. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामाग्री(दाना, मलखाद, बिषदी, औषधि)आदिको उत्पादन उद्योग,

ड. खेती प्रणलीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य वस्तुहरु,

ढ. कानूनले निषेध नगरेको अन्य कृषि व्यवसाय

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- २

(दफा ६ को उपदफा १ सगँ सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना

यस बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र.........को आर्थिक वर्ष......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विउँपूजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र मा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची -३ अनुसारको आवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता
४. संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
६. व्यवसायीक योजना,
७. ५ वर्ष वा बीउ पूजी फिर्ता गर्ने अवधीको बैंक सुरक्षण/जग्गा रोक्का
८. पेश भएको जग्गाको लालपूर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस
९. स्थानीय तहको वा सम्वन्धित वडा कार्यालयबाट सिफारिस पत्र,
१०. अन्य आवश्यक कागजातहरु ।

पुनश्चः "विउँपूजी परिचालन कार्यविधि, २०८०" यस बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र......... को वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- ३
(दफा ६ को उपदफा ३ सगँ सम्वन्धित)
आवेदन फाराम

मितिः

श्रीमान् प्रमुखज्यू,
बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र ......... ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,
प्रस्तुत विषयमा यस बोर्ड/निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र.......को मिति ........ मा प्रकाशन गरिएको विउपूजी कोष परिचालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. अनुसूची -३ अनुसारको आवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता
४. संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
६. व्यवसायीक योजना,
७. ५ वर्ष वा बीउ पूजी फिर्ता गर्ने अवधीको बैक सुरक्षण/जग्गा रोक्का
८. पेश भएको जग्गाको लालपूर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस
९. स्थानीय तहको वा सम्वन्धित वडा कार्यालयबाट सिफारिस पत्र,
१०. अन्य आवश्यक कागजातहरु ।

निवेदकः
नामः
ठेगानाः
छापः

प्रा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसुची – ४

(दफा ६ को उपदफा ५ सगँ सम्बन्धित)

सम्झौता पत्र

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ........ साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धित कार्यालयको नाम तथा ठेगाना) ................................ (यसपछि प्रथम पक्ष भनिएको ) र (लाभग्राहीको नाम तथा ठेगाना).............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच .......व्यवसाय सञ्चालनको लागि कुल रकम.....को .............प्रतिशतले हुन आउने वा (बढीमा रु. १० लाख/रु. १ करोड) .....प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुवै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता ,सम्झौता भएको मिति बाट लागू हुनेछ ।

२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । शुरु मितिः र..............सम्पन्न हुने मितिःहुनेछ । ...............................

३. व्यवसायको कुल लागत रु रहेको (मात्र.............................अक्षेरुपी).................. छ।

४. बुदाँ नम्बर ३ मा उल्लेखित व्यवसायको लागि किस्ता देहाय बमोजिम उपलबध गराईनेछ ।

(क) प्रथम किस्ताः .... प्रतिशत कार्य सम्पन्न पश्चात रु.......

(ख) दोस्रो किस्ता.......प्रतिशत कार्य सम्पन्न पश्चात रु .... :

(ग) तेस्रो किस्ता.......प्रतिशत कार्य सम्पन्न पश्चात रु .... :

५. व्यवसायको प्रकृति र ऋणको लगानि हेरि लाभग्राहिले देहायबमोजिम किस्ता फिर्ता गर्नुपर्नेछ

(क) प्रथम किस्ताः रु...... मिति .........

(ख) दोस्रो किस्ताः रु........ मिति .........

(ग) तेस्रो किस्ताः रु.......मिति.......

(घ) चौथो किस्ताः रु.....मिति......

(ङ) ..................................

६. यो सम्झौता, दुवै पक्षको आपसि समझदारीमा संशोधन गर्न सकिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

साक्षीः

१.

२.

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री,

अनुसुची – ५

(दफा १२ सँग सम्बन्धित)

बीउ पूँजी परिचालनको वार्षिक विवरण

कार्यालयको नामः

| क्र.सं. | आर्थिक वर्ष | लाभग्राहीको नाम, ठेगाना | परिचालन गरिएको बीउ पूँजीको रकम (रु.) | गत आ.व. सम्म फिर्ता भएको बीउ पूँजीको रकम (रु.) | यस आ.व.मा फिर्ता भएको बीउ पूँजीको रकम (रु.) | फिर्ता हुन बाँकी बीउ पूँजीको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री